स्वीकृत मिति:- २०६०।४।५

श्री ५ को सरकार
बन तथा भू-संरक्षण मंन्त्रालय

# बन पैदावार बिकास समिति

## बन पैदावारको मूल्य निर्धारण तथा बिकी नियमाबली

२०६०

बन पैदावार बिकास समिति

बबरमहल, काठमाडौं

श्री ५ को सरकार
बन तथा भू-संरक्षण मंन्त्रालय
बन पैदावार बिकास समिति
बन पैदावारको मूल्य निर्धारण तथा बिकी नियमाबली
२०६०

२०३३

वन पैदावार विकास समिति (गठन) आदेश २०३३ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी वन पैदावार विकास समितिले श्री ५ को सरकारको स्वीकृति लिई देहायका नियमहरु वनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :- (१) यो नियमाबलीको नाम "बन पैदावारको मूल्य निर्धारण तथा बिकी नियमाबली २०६०" रहेको छ ।

२) यो नियमाबली तुरुन्त प्रारम्भ हुने छ ।

२. परिभाषा :- बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमाबलीमा

(क) "समिति" भन्नाले बन पैदावार बिकास समिति (गठन) आदेश २०३३ को दफा ३ अनुसार गठित समितिलाई संभ्फनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले बन पैदावार बिकास समितिको केन्द्रीय कार्यालय, आयोजना/परियोजना समेतको कार्यालयलाई संभ्फनु पर्छ ।

(ग) "केन्द्रीय कार्यालय" भन्नाले समिति र अन्तर्गतका आयोजना/परियोजनाको काठमाण्डौं स्थित प्रधान कार्यालयलाई सम्भ्फनु पर्छ ।

(घ) "परियोजना" भन्नाले सागरनाथ बन बिकास परियोजना र नेपालगंज बन बिकास परियोजनालाई संभ्फनु पर्छ ।

(ङ) "आयोजना" भन्नाले रतुवामाई बृक्षारोपण आयोजनालाई संभ्फनु पर्छ ।

(च) "बैकल्पिक प्रयोग" भन्नाले काठलाई दाउरामा, दाउरालाई गोलमा र यस्तै एक प्रकारको बस्तुलाई अर्को प्रकारको बस्तुमा प्रयोग गर्ने संभ्फनु पर्छ ।

(छ) "शिलवन्दी दरभाउ" पत्र भन्नाले कार्यालयको माग अनुसार बन पैदावारको कारोवार गर्न इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाले खामवन्दीमा लाहाछाप लगाई पेश गरेको दररेट सहितको बिबरण र अन्य कागजात समेत सम्भ्फनु पर्छ ।

(ज) "बोलपत्र" (टेण्डर) भन्नाले कार्यालयको सूचना अनुसार वन पैदावारको कारोवार गर्न ईच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाले खामबन्दीमा लाहाछाप लगाई पेश गरेको दररेट सहितको विवरण र अन्य कागजात समेत सम्झनु पर्छ ।

(झ) "वन पैदावार" भन्नाले वनबाट निस्कने सबै किसिमका वन पैदावारलाइ संझनु पर्छ र सो शव्दले वन क्षेत्र भित्रको कृषिवाली, जडिवुटी, जंगली फलफुल, मह, मैन आदि र ढुंगा, गिट्टी, बालुवा, माटो समेतलाई जनाउंदछ ।

(ञ) "अधिकार प्राप्त अधिकारी" भन्नाले समिति, केन्द्रीय स्तरमा केन्द्रीय कार्यालयका योजना प्रमुख र आयोजना, परियोजनाको हकमा सम्वन्धित कार्यालय प्रमुखलाई सम्झनु पर्छ ।

३. व्याख्या गर्ने अधिकार :- यस नियमाबलीको व्याख्या गर्ने अन्तिम अधिकार समितिमा सुरक्षित रहनेछ ।

## परिच्छेद २
## बन पैदावारको मूल्य निर्धारण

४. वन पैदावारको मूल्य निर्धारण गर्ने अधिकार : समितिको स्वामित्वमा रहेको बन पैदावारको बिकी मूल्य निर्धारण गर्ने अधिकार समितिलाई हुने छ ।

५. वन पैदावारको मूल्य निर्धारण गर्ने आधार : समितिले बन पैदावार तथा अन्य पैदावारको मूल्य निर्धारण गर्दा देहायका सबै वा कुनै आधारमा गर्ने छ ।

(क) लागत खर्च अन्तर्गत देहायका खर्चहरु :
  (१) बृक्षारोपण गर्दा लागेको खर्च ।
  (२) संरक्षण गर्दा लागेको खर्च ।
  (३) वन पैदावार संकलन, कटान, मुछान, ढुलान, घाटगद्दी तथा चट्टा लगाउँदा लाग्ने खर्च
(ख) श्री ५ को सरकारलाई बुझाउने राजश्व (रोयल्टी)
(ग) शिरोभार खर्च
(घ) मुनाफा
(ङ) वन पैदावारको वजार मूल्यको स्थिति

६. बन पैदावारको बिकी प्रकृया :- (१) समिति केन्द्रीय कार्यालय, परियोजना र आयोजनाले काठ दाउरा, बन पैदावारको बिकी बितरण निम्न प्रकिया द्वारा गर्नेछन् ।
  (क) सोझै
  (ख) सिलवन्दी दरभाउ पत्रबाट
  (ग) बोलपत्रबाट
  (घ) वार्ताबाट
  (ङ) लिलाम बढाबढबाट

७. सोझै विक्री : देहायको अवस्थामा देहायका बन पैदावारहरु समितिले तोकेको मूल्य र परिमाणमा सोझै बिक्री गर्न सकिने छ ।

(क) स्थानीय वासीन्दालाई घर काजको लागि दाउरा, कोरो, बाती, पोल, काठ आदि

(ख) श्री ५ को सरकारको कुनै निकायलाई आवश्यक पर्ने कुनै पनि बन पैदावार

(ग) श्री ५ को सरकारको स्वामित्व भएको संस्थालाई चाहिने कुनै पनि बन पैदावार

(घ) साना तथा घरेलु उद्योगलाई कच्चा पदार्थको रुपमा आवश्यक पर्ने बन पैदावार

(ङ) श्री ५ को सरकार वा श्री ५ को सरकारको स्वामित्व प्राप्त संघ संस्थाद्वारा विद्युत, संचार वा यस्तै लाईन विस्तार कार्यमा प्रयोग हुने पोल

(च) नर्सरीमा उत्पादीत विरुवा

(छ) काठ दाउरामा प्रयोग हुन नसक्ने हाँगा, विंगा, (लप्स टप्स)

(ज) जरा ठूटा (खयर बाहेक)

(झ) मह

(ण) कृषि बाली

(त) जङ्गली फलफूल/जडिबुटी/रुखको बोक्रा रुखको पात आदि ।

८. शिलवन्दी दरभाउपत्रवाट विक्री : एक पटकमा देहायको परिमाण सम्मको बन पैदावार सिलबन्दी दर भाउ पत्रबाट बिक्री गरिनेछ ।

| | | |
|---|---|---|
| (क) | काठ चिरान | ५०० क्यू .फि. |
| (ख) | काठ गोलीया | १००० क्यू.फि. |
| (ग) | बल्ला बल्ली/पोल | १००० थान |
| (घ) | खयरको जरा ठूट्टा | १०० थान |
| (ङ) | दाउरा | ३० चट्टा |

९. वोलपत्रवाट विक्री : नियम ७ र ८ मा उल्लेखित गरिए वाहेकको किसिम र परिमाणका बन पैदावार बिक्री गर्दा बोलपत्र आह्वान गर्नु पर्ने छ ।

१०. बार्तावाट विक्री : (१) नियम ८ र ९ मा जेसुकै लेखिएको भएता पनि देहायको अवस्थामा व्यबस्थापनले समितिको पूर्व सहमतीमा बार्ताबाट पनि बन पैदावार बिक्री गर्न सकिने छ :-

(क) प्रचलित नेपाल कानून बमोजिम स्थापना भएका बन पैदावार सम्बन्धी स्वदेशी उद्योगहरुलाई बन पैदावार उपलव्ध गराउँदा ।

(ख) बिदेशी उद्योगहरुले समितिसंग भएको बन पैदावार खरिद गर्न प्रस्ताव पेश गरेमा ।

(२) उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम बिक्री गरिने बन पैदावारको दीर्घ कालीन संम्झौता गर्दा नियम ५ बमोजिम निर्धारित मूल्यलाई आधार मूल्य मानी करार अबधि भर समितिको जिम्मामा राख्दा हुने जोखिम खर्च, समितिले व्यहोर्नु पर्ने शिरोभार खर्च र श्री ५ को सरकारलाई बुझाउनु पर्ने राजश्वको दरमा हुने परिबर्तनलाई समेत ध्यानमा राखी संम्झौताको शर्त तोक्नु पर्ने छ ।

(३) उपनियम (१) बमोजिम बार्ताबाट बिक्री गरिने सम्झौता पत्रमा मूल्य पुनरावलोकन गर्ने

अबधि पनि तोक्नु पर्ने छ । यस्तो वार्ताबाट तय गरिएको मुल्य र परिमाण लगायत सम्झौताको प्रति तुरुन्त मंत्रालयमा जानकारी दिनु पर्नेछ ।

११. पुन मूल्यांङ्कन गर्ने :- नियम ८, ९, र १० बमोजिम बिक्री हुन नसकेको अवस्थामा समितिले बन पैदावारको हैसियत अनुसार पुनः मूल्याङ्कन गरि रोयल्टी रकममा नघट्ने गरी मूल्य घटाउन सक्नेछ । यसरी मूल्य घटेको अनुपातमा रोयल्टी रकममा छुट दिनु पर्ने भएमा प्रत्येक पटक अर्थ मन्त्रालयको सहमती लिनु पर्ने छ ।

१२ बैकल्पिक प्रयोग गर्ने : - (१) नियम ११ बमोजिम मूल्य घटाउँदा पनि बिक्री हुन नसकेको वन पैदावार लाई समितिले वैकल्पिक प्रयोगमा ल्याउने स्वीकृति दिन सक्नेछ ।

(२) उप नियम (१) बमोजिम स्वीकृति दिदा बिक्री मूल्य पनि तोक्नु पर्ने छ र रोयल्टिको दर पनि बैकल्पिक प्रयोग अनुसार नै कायम गरिने छ ।

१३. यथा स्थितिमा बिक्री गर्ने :-(१) नियम १२ बमोजिम बैकल्पिक प्रयोगमा पनि तोकिएको मूल्यमा बिक्री हुन नसकेको अवस्थामा बैकल्पिक प्रयोगको निम्ति तोकिएको मूल्यलाई एक पटक पुनः मूल्याङ्कन गरेर मूल्य घटाई लिलाम बढाबढ गराउनु पर्ने छ ।

(२) उपनियम (१) बमोजिम लिलाम बढाबढबाट बिक्री हुन नसकेमा यथास्थितिमा लिलाम बढाबढ गराई बिक्री गर्नु पर्ने छ ।

(३) उपनियम (१) र (२) बमोजिम बिक्री गर्दा प्राप्त मूल्यको ४० प्रतिशत राजश्वमा दाखिला गरी ६० प्रतिशत समितिको कोषमा राखीने छ ।

१४. लगत कट्टा गर्ने :- यस नियमाबलीमा उल्लेखित संपूर्ण प्रंकृया अपनाउँदा पनि बिक्री हुन नसकी धोद्रिएका, धुलीएका, कुहिएका, मक्किएका बन पैदावारको भौतिक परिक्षण गरी काम नलाग्ने अवस्थामा पुगेका वन पैदावारहरु व्यबस्थापनको सिफारिसमा समितिले मिनाहा गरी लगत कट्टा गर्न स्वीकृति दिन सक्ने छ ।

## परिच्छेद ३
## बन पैदावार बिक्री संबन्धी व्यबस्था

१५ सार्वजनिक सूचना प्रकाशित गर्ने : यस नियमाबली बमोजिम बन पैदावार बिक्री गर्दा देहाय बमोजिम सार्बजनिक सूचना प्रकाशित गर्नु पर्ने छ ।

(क) नियम ७ को खण्ड (क) र नियम १० बमोजिम बिक्री गरिने वन पैदावारको निमित्त समितिले तोके बमोजिम ।

(ख) नियम ८ बमोजिम बिक्री गरिने बन पैदावार को निमित्त स्थानिय पत्र पत्रिकामा वा नियम १७ को उपनियम (२) बमोजिम ।

(ग) नियम ९ बमोजिम बिक्री गरिने बन पैदावारको राष्ट्रिय पत्र पत्रिकामा प्रकाशित गर्नु पर्नेछ ।

१६ सार्वजनिक सूचनामा खुलाउनु पर्ने कुरा : (१) नियम १५ वमोजिम सार्वजनिक सूचना प्रकाशित गर्दा उक्त सूचनामा देहायका कुराहरु खुलाउनु पर्नेछ ।

(क) वन पैदावारको विवरण
(ख) वन पैदावारको न्यूनतम मूल्य
(ग) विक्री गरिने प्रकृया
(घ) धरौटी बारेमा
(ङ) वन पैदावार रहेको स्थान

(२) शिलवन्दी दरभाउ पत्र वा वोलपत्रवाट विक्री गर्दा उपनियम (१) मा उल्लेखित कुराहरुको अतिरिक्त देहायका कुराहरु पनि खुलाउनु पर्नेछ :

(क) शिलवन्दी दरभाउपत्र वा वोलपत्र पठाउनु पर्ने तरीका ,
(ख) शिलवन्दी दरभाउपत्र वा वोलपत्र पठाउनु पर्ने कार्यालय वा अधिकारीको नाम ,
(ग) शिलवन्दी दरभाउपत्र वा वोलपत्र वापत लाग्ने शुल्क,
(घ) शिलवन्दी दरभाउपत्र वा वोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय ,
(ङ) शिलवन्दी दरभाउपत्र वा वोलपत्र खोल्ने समय र स्थान ,
(च) अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिने विषयमा ,
(छ) आफुले प्राप्त गरेको वन पैदावार उठाईसक्नु पर्ने अवधि ,
(ज) अन्य आवश्यक कुराहरु ।

१७ शिलवन्दी दरभाउपत्रवाट विक्री गर्ने व्यवस्था : (१) नियम ६को उपनियम (१) को खण्ड (ख) वमोजिम शिलवन्दी दरभाउपत्रवाट वन पैदावार विक्री गर्दा मूल्य अभिवृद्धि कर र आयकर दर्ता प्रमाणपत्र प्राप्त व्यक्ति फर्म संस्था वा कंपनीहरु मध्ये उपलव्ध भएसम्म घटीमा ३ वटा व्यक्ति, फर्म, संस्था वा कंपनीवाट शिलवन्दी दरभाउ पत्र माग गरी वढी मूल्य कवोल गर्नेलाई विक्री गर्नु पर्नेछ ।

(२) शिलवन्दी दरभाउ पत्र व्दारा वन पैदावार विक्री गर्दा कम्तिमा ७ दिनको म्याद दिई सूचना प्रकाशित गरी वा आफ्नो लगायत देहायका कार्यालयमा टांस गर्नु पर्नेछ ।

(क) वन पैदावार उद्योग संघ भएको ठाउंमा उक्त संघको कार्यालयमा ,
(ख) जिल्ला स्थित नगरपालिकाको कार्यालयमा वा सम्वन्धित गा.वि.स.
(ग) जिल्ला वन कार्यालय तथा नजिकको इकाई कार्यालयमा
(घ) जिल्ला प्रशासन कार्यालयमा
(ङ) अन्य उपयुक्त सार्वजनिक स्थल वा कार्यालयमा ।

१८ वोलपत्रवाट विक्री गर्ने व्यवस्था : (१) वोलपत्र आव्हान गर्नु भन्दा अधि वोलपत्र सम्वन्धी कागजात तयार गर्नु पर्नेछ ।

(२) वोलपत्र दिने बन पैदावारको कारोवार गर्न इच्छुक व्यक्ति, फर्म, कम्पनी, वा संस्थाले रु १५००।०० तिरी सम्वन्धित कार्यालयवाट सो कार्यालयको कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीको दस्तखत र कार्यालयको छाप लागेको वोलपत्र फाराम किन्नु

पर्नेछ । यस्तो वोलपत्र फाराममा वोलपत्रदाताले पालना गर्नु पर्ने साधारण र विशेष शर्तहरु पनि उल्लेख गर्नु पर्नेछ ।

(३) वोलपत्र फाराम विक्री भएको र वोलपत्र दर्ता भएको विवरण छुट्टै कितावमा उल्लेख गरी राख्नु पर्नेछ र वोलपत्र विक्री र दर्ताको समय समाप्त भएपछि कार्यालय प्रमुखले वा निजले तोकेको अधिकृत कर्मचारीले उक्त कितावमा दस्तखत गरी वन्द गर्नु पर्नेछ ।

(४) वोलपत्रको सूचनामा नियम १६ मा उल्लेखित विवरण खुलाई राष्ट्रिय स्तरको पत्र पत्रिकामा कम्तिमा २ पटक प्रकाशित गर्नु पर्नेछ र नियम १७ (२) मा उल्लेखित कार्यालयमा पनि टांस्नु पर्नेछ ।

तर दोश्रो र तेश्रो पटक वोलपत्र आव्हान गर्नु पर्दा एक पटक मात्र प्रकाशित गरे पनि हुनेछ ।

(५) वोलपत्र दाखिला गर्ने म्याद कम्तीमा १५ दिन देखि ४५ दिन सम्म दिन सकिनेछ र वोलपत्र साथ वोल अंकको १० प्रतिशतले हुने रकम वरावरको वैक जमानत वा धरौटी खातामा रकम जम्मा गरेको भौचर राख्नु पर्नेछ । वैक जमानत पेश गरेकोमा कार्यालयले मागेका वखत तुरुन्त भुक्तानी दिने शर्त रहेको हुनु पर्नेछ ।

(६) वोलपत्र माग गर्दा वोलपत्र खरिद र दाखिला सम्वन्धी कार्य सम्वन्धित कार्यालय र तालुक कार्यालयमा समेत गर्ने व्यवस्था मिलाउनु पर्नेछ । यसरी वोलपत्र माग गर्ने कार्यालयको अतिरिक्त कार्यालयमा विक्री र दाखिला भएको वोलपत्र उक्त कार्यालयको प्रमुख वा निजवाट अधिकार प्राप्त अधिकारीले तोकिएको मिति र समयमा खोली तीन दिन भित्र मुचुल्का सहित सम्वन्धित कार्यालयमा पठाउनु पर्नेछ । वोलपत्र नपरेकोमा पनि सो को जानकारी वोलपत्र माग गर्ने कार्यालयमा पठाउनु पर्नेछ ।

(७) एक पटक दाखिला गरेको वोलपत्र फिर्ता लिन दिन हुंदैन र कार्यालयवाट विक्री नभएको वोलपत्र उपर कारवाही गर्न पनि हुंदैन ।

(८) कृत्रिम प्रतिस्पर्धा हुने गरी आपसमा मिलि वोलपत्र दिएमा त्यसरी मिलेमतो गर्नेको र अन्य प्रतिस्पर्धिलाई कुनै प्रकारले वोलपत्र पेश गर्न कसैले रोकेमा त्यस्तावाट दाखिला हुने वोलपत्र रद्द गरी धरौटी रकम जफत गर्न सकिनेछ ।

(९) उपनियम (८) वमोजिम भए गरेको उजुरी वोलपत्र पेश गर्नु पर्ने अन्तिम मितिले ३ दिन भित्र दिई प्रमाणित भएमा उजुर गर्ने व्यक्तिलाई जफत गरेको धरौटी रकमको १० प्रतिशत पुरस्कार दिन सकिनेछ ।

(१०) उप नियम (९) वमोजिमको निर्णय समिति वा समितिले तोकेको अधिकारीले गर्नु पर्नेछ ।

(११) विदेशीले वोलपत्र दिंदा श्री ५ को सरकारको आर्थिक प्रशासन सम्वन्धी नियमावली वमोजिम गर्नु पर्नेछ ।

१९ वोलपत्र खोल्दा सहिछाप गराउनु पर्ने : (१) नियम १८ वमोजिमको सूचना अनुसार पर्न आएका वोलपत्र सोही सूचनामा तोकेको मिति र समयमा उपस्थित हुने वोलपत्रदाता वा प्रतिनिधिको रोहवरमा खोली मुचुल्का वनाई उपस्थित हुने सवैको सहिछाप गर्नु गराउनु पर्नेछ । वोलपत्रदाता वा प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न वाधा पुग्ने छैन ।

(२) उपनियम (१) वमोजिम खोलिएको वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार अधिकार प्राप्त अधिकारीमा नीहित रहनेछ ।

२० वोलपत्रमा कारवाही नहुने : (१) निम्नलिखित रीत नपुगको वोलपत्रमा कारवाही गरिने छैन :

(क) सम्वन्धित व्यक्ति वा फर्मको नाममा कार्यालयवाट विक्री भएको वोलपत्र फाराम भरी नआएको
(ख) सिलवन्दी भई नआएको
(ग) वोलपत्र सम्वन्धी कागजातमा वोलपत्र दिनेको सहिछाप भई नआएको
(घ) म्यादभित्र दाखिल हुन नआएको
(ङ) वोलपत्र आव्हानको सूचना वमोजिम जमानत साथ नभएको
(च) वोलपत्र आव्हानको सूचनामा तोकिएको अन्यशर्तहरु पुरा नगरेको ।

(२) वोलपत्र खोल्दा कुनै वोलपत्रदाताको वोलपत्रमा अंक अक्षर प्रष्ट नभएको तथा केरमेटमा सही नभएको पाइएमा मुचुल्कामा सोही कुरा उल्लेख गरी उपस्थित सवैको सही गराई राख्नु पर्नेछ ।

२१ दरभाउ पत्र र वोलपत्र स्वीकृत गर्ने अधिकारी र निजको अधिकार : (१) देहायको दरभाउपत्र तथा वोलपत्र स्वीकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछ :

(क) रु १५ लाख रुपैयां सम्मको आयोजना प्रमुखलाई
(ख) रु २५ लाख रुपैयां सम्मको परियोजना प्रमुखलाई
(ग) रु ५० लाख रुपैयां सम्मको योजना प्रमुखलाई
(घ) रु ५० लाख भन्दा माथिको समितिलाई

२२ वोलपत्र स्वीकृत गर्ने अधिकारीको कर्तव्य : (१) नियम २० वमोजिमको रित नपुगेको वोलपत्र स्वीकार गर्न हुँदैन ।

(२) साधारणतः रित पुगेका वोलपत्रहरु मध्ये सवैभन्दा वढी रकम कवुल गर्ने वोलपत्रदाताको वोलपत्र स्वीकृत गर्नु पर्नेछ ।

(३) साधारणतः पहिलो पटकको सूचना बमोजिम १ भन्दा बढी रितपूर्वकको बोलपत्र परेकोमा त्यस्तो बोलपत्र स्वीकृत गर्न सकिने छ । पहिलो पल्टको सूचनामा एक मात्र वोलपत्र पर्न आएमा सो वोलपत्रलाई नखोलीकन कायम राखी सामान्यतः ७ दिन भित्र पुनः वोलपत्र माग गर्नु पर्नेछ । तर यसरी कायम राखेको वोलपत्रदातालाई चित्त नवुझे आफ्नो वोलपत्र फिर्ता गरी पाउं भनि पुन : वोलपत्र दाखिला गर्ने निर्धारीत म्यादको २४ घण्टा अगाडी दरखास्त दिएमा निजको वोलपत्र फिर्ता गरिदिनु पर्नेछ र यसरी

वोलपत्र फिर्ता भएमा त्यस्तो वोलपत्र अस्वीकृत भए सरह जमानत फिर्ता गर्नु पर्नेछ ।

(४) पुनः वोलपत्र माग गर्दा पनि बोलपत्र नपरी कायम राखिएको बोलपत्र मात्र भएमा वा उपनियम (३) वमोजिम वोलपत्र फिर्ता भई एकमात्र वोलपत्र परेमा न्यूनतम तोकिएको भन्दा ५० प्रतिशत वढी मूल्य भएमा स्वीकृत गर्न सकिनेछ । उप नियम (३) वमोजिम कायम रहेको वोलपत्र समेत दुइटा वोलपत्र भएमा वढी कवोल गर्नेको वोलपत्र स्वीकृत गर्न सकिनेछ ।

(५) कुनै पनि कारणवाट पुनः वोलपत्र माग गर्नु पर्दा पहिलो पटकको आधा अवधिमा नघटने गरी म्याद दिनु पर्नेछ ।

(६) साधारणतः सूचनाको अबधि जति दिनको छ त्यति दिन भित्र बोलपत्र सदर बदरको निर्णय गरि सक्नु पर्ने छ ।

२३ स्वीकृतिको सूचना दिने : (१) यस नियमावली वमोजिम वोलपत्र स्वीकृत भईसकेपछि सम्वन्धित कार्यालयले तीन दिन भित्र सो को सूचना सम्वन्धित बोलपत्रदातालाई दिनु पर्नेछ ।

(२) उपनियम (१) वमोजिमको सूचना पाएपछि त्यस्तो सूचना पाउने बोलपत्रदाताले सात दिन भित्र सोही सूचनामा उल्लेख भए वमोजिमको रकम दाखिला गर्नु पर्नेछ ।

(३) उपनियम (२) वमोजिमको म्याद भित्र हाजिर नभएमा वा सूचनामा उल्लेख भए वमोजिमको रकम दाखिला नगरेमा वोलपत्रको सूचनामा उल्लेखित धरौटी वापतको रकम जफत गरिनेछ । त्यस्तो अवस्थामा निजपछिका क्रमानुसारको दोश्रो वोल अंक भएको वोलपत्रदाताको वोलपत्र स्वीकृत गरी उपनियम (१) वमोजिमको सूचना दिईने छ । यसरी क्रमानुसारको रकम वोलपत्र दिनेले पनि उपनियम (२) वमोजिमको म्याद भित्र हाजिर नभएमा वा रकम दाखिला गर्न मंजुर नगरेमा निजको पनि जमानत वापतको रकम जफत गरी तेश्रोको वोलपत्र स्वीकृत गरी उपनियम (१) वमोजिमको सूचना दिइनेछ । निजले पनि उपनियम (२) वमोजिमको म्याद भित्र रकम दाखिला गर्न नआएमा निजको पनि धरौटी जफत गरी पुनः वोलपत्र आव्हान गर्नुपर्नेछ । पहिलो वोलपत्रवालाले सकार गरेको रकमको १० प्रतिशत भन्दा घटी नभएमा वा समितिव्दारा निर्धारीत न्यूनतम मूल्यको ५० प्रंतिशत भन्दा वढी भएमा मात्रै दोश्रो र तेश्रो क्रमका बोलपत्र दातासंग ठेक्का वन्दोवस्त गर्न सकिने छ ।

(४) वोलपत्रदाताले वोलपत्र साथ राखेको धरौटी वापतको रकम यस नियमावली वमोजिम ठेक्का वन्दोवस्त गर्ने काम सम्पन्न नभए सम्म फिर्ता दिइने छैन ।

तर पुन : वोलपत्र माग गर्नु पर्ने भएमा फिर्ता गर्न वाधा पुर्‍याएको मानिने छैन । उपनियम (३) मा उल्लेखित अधिकतम वोलकवोल गर्ने पहिलो तीन वोलपत्रदाता वाहेक अरुको धरौटी वापतको रकम फिर्ता दिन सकिनेछ ।

२४ छोडपूर्जि दिने समय : वन पैदावार खरिद गर्ने व्यक्ति फर्म वा संस्थाले समितिले तोके ~~वमोजिमको रकम दाखिला भैसकेपछि घाटगद्दीमा रहेको वा आएको वन पैदावारहरुको~~

सम्वन्धमा आवश्यक प्रकृया पुरा गरी सकारकर्तालाई सम्वन्धित कार्यालयले सात दिन भित्र छोडपूर्जि दिनुपर्नेछ ।

२५ छोडपूर्जिको म्याद (१) घाटगद्दीमा रहेका वन पैदावारहरुको हकमा सम्वन्धित खरिदकर्ताले नियम २३ (२) वमोजिमको रकम दाखिला गरिसकेपछि वढीमा तीस दिनको म्याद दिई प्रचलित कानून अनुसार वन पैदावार उठाई लैजान छोडपूर्जि दिइनेछ ।

(२) उपनियम (१) वमोजिम छोडपूर्जि दिइसकेपछि उक्त वन पैदावारको सुरक्षाको जिम्मेवारी सम्वन्धित खरिदकर्ताको हुनेछ । कुनै कारणले हराएमा वा नासिएमा समिति जिम्मेवार हुने छैन ।

(३) उपनियम (१) वमोजिम तोकिएको म्यादमा वन पैदावार उठाउन नसकेकोमा वोलपत्र स्वीकृत गर्ने अधिकारीले १५ दिन सम्म म्याद थप गरि दिन सक्नेछ । १५ दिन भन्दा वढी म्याद थप गर्नु परेमा तालुक अधिकारीको स्वीकृति लिई गर्न सकिनेछ ।

(४) सम्वन्धित खरिदकर्ताले उपनियम (१) वमोजिमको वा उपनियम (३) बमोजिमको थप भएका म्याद भित्र वन पैदावार उठाई नलगेमा निजले राखेको धरौटी बापतको रकम, दाखिला गरेको मूल्य र वन पैदावार समेत जफत गर्न सकिनेछ ।

## परिच्छेद ४
## विविध

२६ टोली गठन गर्ने : समितिले यस नियमावली वमोजिम वार्तावाट वन पैदावार विक्री गर्न वार्ता गर्न, वन पैदावारको पुनर्मूल्यांकन गर्ने र वन पैदावारको वैकल्पिक प्रयोग गर्न सिफारिस गर्ने वा अन्य कुनै प्रयोजनको लागि समितिको सदस्य वा समितिले तोकेको अन्य कुनै व्यक्ति वा पदाधिकारीको संयोजकत्वमा टोलि गठन गर्न सक्नेछ ।

२७ विशेष व्यवस्था : (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि शिलवन्दी दरभाउ पत्र वा वोलपत्रवाट विक्री हुन नसकेका वन पैदावारहरु समितिले वार्तावाट विक्री गर्न स्वीकृति दिन सक्नेछ ।

(२) अन्तिम वैकल्पिक प्रयोगमा ल्याउने वन पैदावार (जस्तै दाउरालाई गोल वनाउने) लाई अन्तिम प्रयोगको निमित्त निर्धारित मूल्यमा विक्री गर्न सकिनेछ ।

२८ आयतन निकाल्ने तरीका : रुख तथा काठको आयतन निकाल्ने तरीका अनुसूची १ वमोजिम हुनेछ ।

२९ वन पैदावारको निकाशी सम्वन्धी व्यवस्था : वन पैदावारको कारोवार गर्न इजाजत प्राप्त वा श्री ५ को सरकारको संबन्धित निकायमा दर्ता भएको कुनै संस्थाले यस नियमावली बमोजिम संकलन गरेको वा प्राप्त गरेको वन पैदावार मध्ये श्री ५ को सरकारले विदेश निकाशीमा प्रतिवन्ध लगाएको वन पैदावार बाहेक अन्य वन पैदावार विदेश निकासी गर्न निवेदन दिएमा

अधिकार प्राप्त अधिकारीले विदेश निकासी गर्ने अनुमतिका लागि सम्वन्धित भन्सार कार्यालयलाई सिफारिस गर्न सक्ने छ ।

३० <u>अधिकार प्रत्यायोजन</u> : अधिकार प्राप्त अधिकारीले यस नियमावलीमा उल्लेखित अधिकारहरु मध्ये सवै वा केही अधिकार आफु मातहतको कर्मचारीलाई आफ्नो जिम्मेवारीमा प्रत्यायोजन गर्न सकिनेछ ।

३१ <u>अधिकारमा हस्तक्षेप गर्न नहुने</u> : यस नियमावली वमोजिम कुनै अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्राप्त गरेका अधिकारीको अधिकारमा तालुक कार्यालय वा पदाधिकारीले हस्तक्षेप गर्न पाउने छैन । तर तालुक कार्यालयले सुपरिवेक्षण, अनुगमन गर्ने, अख्तियारको दुरुपयोग भएको छ भन्ने लागेमा अनुसन्धान गर्ने र निर्देशन दिने अधिकारलाई यो नियमले सीमित गरेको मानिने छैन ।

३२ <u>निर्देशिका वनाउन सक्ने</u> :- यस नियमावलीमा व्यवस्था भएका कुनै कुरा स्पष्ट गरी निर्देशिका वनाउन आवश्यक देखिएमा समितिले त्यस्तो निर्देशिका वनाउन सक्नेछ ।

३३ <u>अनुसूची हेरफेर गर्ने</u> :- यस नियमाबलीका अनुसूचीहरुमा हेरफेर गर्ने अधिकार समितिलाई हुनेछ ।

३४ <u>वचाउ</u> : यस नियमावलीमा लेखिए जति यसै बमोजिम र अन्यका हकमा समितिको निर्णय वमोजिम हुनेछ ।

३५. <u>यसै नियमावली वमोजिम हुने</u> :- यो नियमावली प्रारम्भ हुनु भन्दा अघि भए गरेका काम कारवाहीहरु यसै नियमावली वमोजिम भए गरेको मानिनेछ ।



उप सचिव (लेखा)

अनुसूची १
(नियम २८ संग सम्वन्धित)
रुखको काठ नाप्ने आयतन निकाल्ने, मूल्यांकन गर्ने तरीका

(क) काठ नाप्दा आयतन निकाल्दा र मूल्यांकन गर्दा निम्न वमोजिमको आधारमा गर्नु पर्नेछ :

(१) गोलिया काठको आयतन निकाल्दा क्वार्टर गर्थ सूत्र अनुसार निकालिने छ।
(क्वार्टर गर्थ सूत्र : आयतन - लम्वाई x (गोलाई)$^2$ ÷ १६"

$$\text{volume} = \frac{(\text{Girth})2}{16} \times \text{Length}$$

(२) रुखको आयतन हिसाव गर्न छातीको उचाईमा (जमिनवाट ४॥ फिटमा) त्यसको व्यास टेपले एक दशमलव इन्ची (१।१० इन्ची) सम्म नाप्नु पर्छ।

(३) रुखको उचाई (टोटल हाइट) एवनिज टेवुलमा आखिरी फुटसम्म लिनु पर्छ।

(४) छातीको उचाईमा ११ इन्ची वा सो भन्दा वढी व्यास भएको खयर वाहेकका रुखहरुको निम्न वमोजिम वर्गिकरण गर्नुपर्छ :

क्लास १ हरियो, मर्नलागेको वा मरेको, खडा वा ढलेको ठोस राम्रो तना भएको रुख जसमा कुनै रोग वा घाउ चोटले वाहिरवाट दागी नदेखिने।

क्लास २ हरियो, मर्न लागेको वा मरेको, खडा वा ढलेको रुख जसमा धोधर वा अन्य दागीले गर्दा पूरा आयतन नपाउने तर ८ इन्ची डायमिटर सम्ममा कम्तीमा ६ फिट लामो २ वटा सोझो मुडा वा १० फिट लामो एउटा सोझो मुडासम्म आउने।

क्लास ३ क्लास १ र २ मा नपर्ने वांकी सवै रुख।

(५) छातीको उचाईमा ११ इन्ची भन्दा मुनि ५ इन्ची सम्म व्यास भएका रुखहरुलाई वल्लावल्ली कायम गरिनेछ। यिनीहरुको विभाजन निम्न अनुसार गरिएको छ :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (१) | ५.० | इन्चीदेखि | ६.९ | इन्चीसम्म | व्यास र जतिसुकै | लम्वाईका। |
| (२) | ७.० | ,, | ७.९ | ,, | ,, | भएको। |
| (३) | ८.० | ,, | ८.९ | ,, | ,, | भएको। |
| (४) | ९.० | ,, | ९.९ | ,, | ,, | भएको। |
| (५) | १०.० | ,, | १०.९ | ,, | ,, | भएको। |

(६) ५" इन्ची व्यास भन्दा मुनिको कोरोको थान गन्तीमा बिक्री गरि दाउराको निम्ती तोकिएको राजस्व बुझाउन सकिने छ। हाँगा-झिजा (लप्स-टप्स) को हकमा ढुवानी साधनको हिसाबले मूल्य कायम गर्न सकिने छ।

(७) आयतन हिसाव गर्दा क्लास १ र २ को आयतन ८ इन्ची टप व्यास सम्मको र क्लास ३ को आयतन ४ इन्ची टप व्यास सम्मको स्थानिय आयतन तालिकाहरुवाट निकाल्नु पर्छ ।

(८) क्र.सं.(७) वमोजिम प्राप्त क्लास १ को ग्रुस आयतनलाई (क्वार्टर गर्थ नापमा वदल्नको लागि) ०.७८५४ ले गुणन गरी आएको आयतनलाई नेट आयतन मानिनेछ र क्साल २ मा ८ इन्ची व्यास भएको टुप्पासम्ममा काठको प्रयोगमा आउन नसक्ने भाग, वाहिरी भित्री खरावीको भाग र क्वार्टर गर्थ नापमा वदल्दा नापभित्र नपर्ने भाग समेत कट्टां गर्नु पर्ने हुंदा क्र.सं. (७) वमोजिम प्राप्त आयतनलाई ०.६००८ ले गुणन गरी आएको आयतनलाई काठको नेट आयतन मानिने छ ।

(९) खयर रुखको हकमा स्थानिय आयतन तालिकावाट आयतन र तौलको परिमाण कायम गरिने छ । खयर काठ बिक्री गर्दा कायम गरिएको परिमाण वजनको आधारमा मूल्य लिई बिक्री गरिने छ ।

(१०) क्लास ३ को ४ इन्ची व्याससम्मको पूरै आयतन र क्लास १ र क्लास २ को काठमा उपयोग नहुने ४ इन्ची व्याससम्मको वांकी लकडीवाट दाउराको चट्टा हिसाव गर्न निम्न सूत्र लगाई हिसाव गर्नुपर्छ ।

$$\text{दाउराको चट्टा :} \frac{\text{०.८७७८ आ एक + १.४३१६ आ. दुइ + ३. आ. तीन}}{\text{१०००}}$$

जसमा :
आ.एक क्लास १ का रुखको ८ इन्ची टपसम्मको ग्रुस आयतन ।
आ.एक क्लास २ का रुखको ८ इन्ची टपसम्मको ग्रस आयतन ।
आ.तीन क्लास ३ का रुखको ४ इन्ची टपसम्मको ग्रस आयतन ।

(ख) काठ नाप्दा धोद्रो र मक्किएको भागलाई छुट्टाई नाप्नु पर्छ । यसरी छुट्टाइने धोद्रो र मक्किएको भाग जतिको आयतन निम्न अनुसार गरी नेट आयतन कायम गर्नुपर्छ ।

(१) गोलियाको एउटा मुखमा मात्र देखिएको धोद्रो वा मक्किएको काठको हकमा निम्न वमोजिम नाप गरी र त्यसको आयतन निकाली काठको कूल आयतनवाट कट्टा गरिनेछ ।

(क) सर्वप्रथम लकडीको मुखमा मेक्सिमम स्क्वायर सेक्सनको अनुमान गरिनुपर्छ । क्स्वायरको १ साइड निकाल्दा गोलाईलाई १० ले भाग लिई २ ले गुणन गरेपछि निक्लन्छ ।

(ख) यदि धोद्रो त्यस स्क्वायर सेक्सनको पूराभित्र परेको छ भने धोद्रोको लामो र छोटो भाग नापी दुवैमा एक एक इन्ची थप गर्नुपर्छ ।

(ग) उपरोक्त खण्ड (ख) वाट प्राप्त साइडहरुलाई गुणन गरी क्रस सेक्सनल एरिया हिसाव गर्नुपर्छ ।

(घ) उपरोक्त खण्ड (ग) को कूल सेक्सनल एरियालाई धोढको लम्वाईले गुणा गरेपछि धोढको आयतन आउँछ ।

(ङ) उपरोक्त खण्ड (क) वाट प्राप्त भएको स्क्वायर सेक्सनमा धोढको केही भाग भित्र परेमा स्क्वायरको सिमानामा पर्ने धोढको केही भाग भित्र परेमा स्क्वायरको सिमानामा पर्ने धोढको साइडमा एक इन्ची कम गरी दिने र सेक्सनभित्र पर्ने अर्को साइडमा आधा इन्ची कम गरी यसरी आएको दुवै साइडलाई गुणन गरी क्रस सेक्सनल एरिया निकाल्ने र यस एरियालाई धोढको लम्वाईले गुणी धोढको आयतन निकाल्नु पर्छ ।

(च) उपरोक्त खण्ड (क) अनुसार प्राप्त भएको स्क्वायर सेक्सनको क्षेत्र वाहिर पर्ने धोढको हकमा धोढको आयतन लकडीको कूल आयतनमा कट्टा गर्नु पर्दैन ।

(२) गोलियाको दुवै मुखमा देखिएको धोढको हकमा उपरोक्त क्र.सं १ अनुसार प्राप्त स्क्वायर सेक्सनमा धोढको दुवै मुखको साइडहरु नापी स्क्वायर सेक्सनको भित्री वाहिर पर्ने प्रकार अनुसार थप्नु पर्ने भाग थपी उस्तै उस्तै साइडको सरदर साइडहरुवाट क्रस सेक्सन निकाली त्यसलाई धोढको लम्वाई गुणा गरी धोढको आयतन निकाल्नु पर्दछ । यसरी आएको धोढको आयतनलाई लकडीको कुल आयतनवाट कट्टा गरी नेट आयतन निकालिनेछ

(३) खडा रुख बिक्री गर्दा सूचनामा प्रकाशित परिमाण भन्दा १० प्रतिशत सम्म बढी भएमा कबोल अंकमा नै र सो भन्दा बढी निस्केमा जति बढी हुन्छ त्यस्को थप मूल्य कबोल गरेको थप इकाई दरबाट बुझाउनु पर्ने छ । तर मूल्यांकन भन्दा कम काठ तथा दाउरा उत्पादन भए पनि कबोल गरिए अनुसार दाखिला गरेको रकम फिर्ता हुने छैन ।